## बारेकोट गाउँपालिकाका वडा अध्यक्ष एवं गाउँ सभा सदस्य श्री बसन्त शाहीले प्रस्तुत गर्नु भएको
## आर्थिक वर्ष २०७६/०७७ को
## बजेट बक्तव्य

गाउँ सभाका अध्यक्ष ज्यू,
सभाका सदस्य ज्यूहरु,
आज बारेकोट गाउँपालिकाको आठौं गाउँ सभाको सन्दर्भमा बारेकोट गाउँपालिकाको आर्थिक वर्ष ०७६।०७७ को बजेट, योजना तथा कार्यक्रम सार्वजनिक गर्न पाउँदा म निकै नै हर्षित छु ।

बारेकोट गाउँपालिकाको समृद्धि र समग्र विकासका लागि गाउँपालिकाको बजेट, योजना तथा कार्यक्रम मार्फत समृद्ध र विकासशील बारेकोट निर्माण गर्ने पथमा हिडाउने महत्वपुर्ण भुमिका खेल्न पाउँदा म व्यक्तिगत रुपमा गर्वको महशुस गर्दछु ।

जाजरकोट जिल्ला भौगोलिक हिसाबले दुर्गम जिल्ला हो । त्यसमा पनि कर्णालीको जुम्ला र डोल्पा जिल्लासँग जोडिएको बारेकोट क्षेत्र राज्यबाट सँधै नजर अन्दाज गरिएको ठाउँ हो । देश संघीय संरचनामा गइसकेपछि जनताले नजिकबाट सरकारसँग आफ्ना माग, आवश्यकता, चाहानाहरु सजिलैसँग राख्न सक्ने अवस्था सिर्जना बनेको छ । जुन सबैका लागि सुखद् पक्ष हो । तसर्थ यो व्यवस्थालाई मजबुद बनाई आगामी कार्यदिशा जनकेन्द्रित बनाउनु सिगो गाउँपालिका र जनप्रतिनिधिका लागि चूनौतीको विषय बनेको छ । यद्यपि बारेकोटमा प्रकृतिले वरदान स्वरुप दिएका थुप्रै संभावनाहरु हामीसँग छन् । जल, जमिन, जंगल, जडिबुटी लगायत थुप्रै प्राकृतिक स्रोतहरु परिचालन गर्न सकेमा गाउँपालिकाले विकासका सम्भावनाहरुलाई मुर्त रुप दिन सक्छ भन्ने विश्वास लिएको छु । उक्त सन्दर्भलाई आत्मसात् गर्दै भावी कार्यदिशा, गाउँपालिकाको आवश्यकता र जनताको विकासको माग अनुरुप बजेट विनियोजन गरिएको व्यहोरा यस सभा समक्ष अनुरोध गर्न चाहान्छु ।

**सभा अध्यक्ष तथा सदस्य ज्युहरु**

अव म आगामी आर्थिक बर्ष २०७६/०७७ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न अनुमति चाहान्छु । बजेटका उद्देश्यहरु निम्न अनुसार प्रस्तुत गरेको छु ।

(**क**) नागरिकका मौलिक हक र अधिकारका रुपमा रहेको आवश्यकताहरु सिघ्र परिपुर्ती गर्दे जीवन स्तरमा गुणात्मक सुधार गर्ने ।

(**ख**) उपलब्ध स्रोत साधन, अवसर र क्षमताको उच्चतम उपयोग तथा न्यायिक वितरण गर्दै सामाजिक न्याय सहितको आर्थिक बिकास गर्ने राष्ट्रिय लक्ष्यलाई पुरा गर्न अधिकतम प्रयास गर्ने ।

(ग) आर्थिक भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी सन २०३० सम्ममा मध्यम आय भएको मुलुकमा रुपान्तरण गर्ने राष्ट्रिय लक्ष्यलाई पछ्याउदै समुन्नत र समृद्ध समाजबाद उन्मुख अर्थतन्त्रको आधारशिला तयार गर्ने ।

माथि उल्लेखित बजेटका उद्देश्यहरु हासिल गर्न देहाय अनुसर नीतिगत कार्यक्रमगत प्राथमिकता निर्धारण गरेकोट छु ।

(**क**) चरम गरिवी अन्त्य र पिछडिएका क्षेत्र बर्ग र समुदायको शीघ्र उत्थान गर्दै सामाजिक सुरक्षाको बिस्तार सहित लोककल्याणकारी राज्य व्यवस्था निर्माणमा सहयोग पुऱ्याउने ।

(ख) भौतिक पूर्वाधार तर्फ सडकको नयाँ ट्याक खोल्ने कार्यलाई निरन्तरता दिने ।

(**ग**) क्रमागत भवन तथा खानेपानी योजनाहरुको आ.व. २०७६।७७ मा कार्य सम्पन्न गर्ने ।

(**घ**) शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्न गाउँपालिका शिक्षण अनुदानलाई निरन्तरता दिदैं भौतिक पूर्वाधारलाई जोड दिने ।

(**ङ**) स्वास्थ्य क्षेत्रका सूचकहरुलाई सकारात्मक दिशा उन्मुख गराउन आमा सुरक्षा कार्यक्रमलाई प्राथमिकता दिने ।

(**च**) कृषि तथा पशुजन्य वस्तु उत्पादन  तथा व्यावसायिकरणलाई कृषकमैत्री बनाउन अनुदान प्रणाली अवलम्बन गर्ने ।

**सभा अध्यक्ष तथा सदस्य ज्युहरु**

आगामी आर्थिक वर्ष ०७६।०७७ को लागि प्रस्तावित बजेट, योजना तथा कार्यक्रमले निम्न बमोजिमका मूलभूत विषयहरुलाई समेटेको व्यहोरा यस सम्मानित सभामा अनुरोध गर्न चाहन्छु ।

**आर्थिक वर्ष ०७६/०७७ को वित्तीय समानीकरण तथा राजश्व बाँडफाँड तर्फ**

**१. पुँजीगत तर्फ**

पुँजीगत खर्च तर्फ १६ करोड १४ लाख १७ हजार रुपैयाँ विनियोजन गरेको छु ।

**क. आर्थिक विकास तर्फ**

बारेकोटको समग्र कृषि विकास गरी आत्म निर्भर बारेकोट निर्माण गर्न कृषि बिकास तर्फ रु. ६९ लाख ५१ हजार तथा पशुपन्छी विकास ६५ लाख ३ हजार रकम विनियोजन गरेको छु । त्यस्तै पर्यटन तर्फ १४ लाख ५० हजार, सहकारी तर्फ ३ लाख गरी आर्थिक विकास तर्फ **जम्मा १ करोड ४७ लाख १४ हजार** रकम विनियोजन गरेको छु । **यस आर्थिक बिकास तर्फको विस्तृत बजेट तथा कार्यक्रमको पूर्ण विवरण अनुसूची १ मा राखिरएको छ ।**

**ख. सामाजिक विकास तर्फ**

बारेकोटको समग्र शिक्षा सुधारका लागि रु २ करोड ५५ लाख २६ हजार रुपैया विनियोजन गरेको छु । जस मध्ये एक करोड ८४ लाख ५० हजार विद्यालयहरुको भौतिक पूर्वाधार सुधार कार्यक्रम तर्फ विनियोजन गरेको छु । उक्त कार्यक्रमको बजेट सहितको पूर्ण विवरण अनुसूची २(क) मा उल्लेख गरिएको छ । स्वास्थ्य शाखा एकमुष्ट रकम रु ४० लाख बिनियोजन गरेको छु ।  खानेपानी तथा सरसफाई तर्फ चा.लु आ.ब.मा संचालनमा रहेका क्रमागत  ११ वटा योजनाहरु यस आ.व.मा सम्पन्न गर्ने र २ वटा योजनाहरु आगामी आ.व.बाट शुरु गर्ने गरी जम्मा १३ वटा खानेपानी योजनाहरुका  लागि रु. ५१ लाख रुपैया विनियोजन गरेको छु । यसैगरी लैंगिक समानता तथा सामाजिक समावेसीकरण तर्फ रु. १८ लाख ५० हजार विनियोजन गरेको छु । तसर्थ सामाजिक बिकास तर्फ कुल रकम रु ४ करोड १४ लाख ५६ हजार रुपैयाँ  विनियोजन गरेको छु । हाल सम्म पनि माध्यमिक बिद्यालय संचालन नभएको वडा नं. ४ मा आगामी आर्थिक बर्षदेखि माध्यमिक बिद्यालय संचालनका लागि आवश्यक प्रक्रिया अगाडी बढाई पूर्वाधारको निर्माण गर्ने व्यवस्था मिलाएको छु ।

**यस सामाजिक बिकास तर्फको विस्तृत वजेट तथा कार्यक्रमको पूर्ण विवरण अनुसूची २ मा राखिएको छ ।**

**ग. भौतिक पूर्वाधार तर्फ**

कुनैपनि ठाउँको समग्र विकासको मेरुदण्ड भनेको पूर्वाधार हो । पूर्वाधारको विकास नभई गाउँपालिकाको विकास हुदैन भन्ने मान्यता अनुरुप  आगामी आ.व.बाट जनतासंग सडक कार्यक्रम अगाडी सारी  पूर्वाधारको विकासको लागि बढी जोड दिएको छ । जस अन्तर्गत सडक तथा पुल (झो.पु.समेत) तर्फ रु. ३ करोड ५७ लाख ५० हजार  रुपैयाँ, भवन तथा शहरी विकासतर्फ रु. २ करोड ११ लाख रुपैयाँ, उर्जातर्फ रु. ५२ लाख रुपैयाँ, लघु तथा साना जलविद्युत (

वैकल्पिक उर्जा समेत) तर्फ रु. १५ लाख  र कन्टेन्जेन्सी तर्फ रु १८ लाख ९७ हजार गरी कूल रकम रु ९ करोड २७ लाख ४७ हजार पूर्वाधार विकास तर्फ विनियोजन गरेको छु ।

**यसको विस्तृत वजेट तथा कार्यक्रमको पूर्ण विवरण अनुसूची ३  मा राखिएको छ ।**

### घ. सुशासन तथा अन्तर सम्बन्ध तर्फ (अनुसूची ४)

वातावरण तथा विपद् व्यवस्थापन अन्तर्गत विपद् व्यवस्थापनमा रु. १५ लाख , वातावरणीय धुवाँरहित चुलो वितरण गर्नका लागि २७ लाख, ६० बर्ष देखि ७० बर्षका नागरिकलाई सामाजिक सुरक्षा भत्ताका लागि रु १५ लाख वहुक्षेत्रीय पोषण कार्यक्रमको समपुरकको लागि रु २० लाख र विधार्थीसंग अध्यक्ष रेडियो टी.भी कार्यक्रमको लागि रु ५ लाख लगायत अन्य बिभिन्न शिर्षक गरी जम्मा रु १ करोड २५ लाख रुपैयाँ विनियोजन  गरेको छु । **यसको विस्तृत वजेट तथा कार्यक्रम पूर्ण विवरण अनुसूची ४ मा राखिएको छ ।**

### ङ कार्यालय संचालन तथा प्रशासनिक तर्फ (अनुसूची ५)

### २. चालु तर्फ

आर्थिक वर्ष २०७६।०७७ का लागि चालु तर्फ कुल ४ करोड ५४ लाख रुपैयाँ विनियोजन गरेको छु ।

चालू खर्च अन्तर्गत कर्मचारी पारिश्रमिक सुविधामा रु. १ करोड २८ लाख रुपैयाँ, पदाधिकारी पारिश्रमिक सुबिधामा रु ५६ लाख, कर्मचारी कल्याण कोषमा रु १५ लाख र अन्य विविध शिर्षकमा गरी  कुल रु ४ करोड  ५४ लाख रुपैया विनियोजन गरेको छु । **यस कार्यालय संचालन तथा प्रशासनिक तर्फको विस्तृत वजेट तथा कार्यक्रमको पूर्ण विवरण अनुसूची ५ मा राखिएको छ ।**

### ३. आन्तरिक श्रोत तर्फ

चालु आ व. मा प्रक्षेपण गरेको रु १५ लाख र प्राप्तीको आधारमा तुलना गर्दा आन्तरिक राजस्व लक्ष्य अनुरुप संकलन भएको छ । जसलाई आधार मानी आगामी आ.व मा रु १० लाख र आ.व. २०७६।७७ मा खर्च हुन नसक्ने रु ३ करोड ५० लाख गरी जम्मा ३ करोड ६० लाख आन्तरिक श्रोत संकलन गर्ने लक्ष्य राखेको छु ।

### ४. सशर्त अनुदान तर्फ

त्यसैगरी सशर्त अनुदान तर्फ स्वास्थ्य, शिक्षा, कृषि, पशु, महिला विकास, नवीकरणीय उर्जा, महिला विकास तर्फ जम्मा रु १३ करोड १६ लाख रुपैयाँको सिलिङ प्राप्त भएकोले सो रकम स्वीकृत गरी खर्च गर्ने ब्यवस्था मिलाएको छु ।

### ५. दातृ निकाय

बिभिन्न दातृ निकायबाट प्राप्त बजेट सिलि •  अनुसार सुआहारा दोश्रो कार्यक्रमको रु १३ लाख ९० हजार, एकिकृत विकास समाज नेपालको रु ९४ हजार र स्वास्थ्यका लागि सक्षम प्रणालीको रु ८ लाख, बहुक्षेत्रीय पोषका लागि रु. १४ लाख ८९ हजार गरी कुल जम्मा रु ३७ लाख ७३ हजार रुपैया आ आफ्नो निर्देशिका अनुसारको कार्य गर्ने गरी स्वीकृती गरेको छु ।

सभा अध्यक्ष तथा सदस्य ज्युहरु

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यन्वयनका लागि बजेट बिनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

(१) आगामी आर्थिक बर्षका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु ३३ करोड ८४ लाख १७ हजार रुपैयाँ विनियोजन गरको छु । उक्त बजेट मध्ये रु. १३ करोड १६ लाख सशर्त अनुदान प्राप्त भएको छ । उक्त रकम विनियोजन गर्न नपर्ने देखिन्छ । तसर्थ कुल विनियोजन गर्नु पर्ने रकम रु. २० करोड ६८ लाख १७ हजार मध्ये चालुतर्फ ४ करोड ५४ लाख रुपैयाँ अर्थात २१.९५ प्रतिशत र पुँजीगत तथा कार्यक्रम तर्फ रु १६ करोड १४ लाख १७ हजार रुपैयाँ अर्थात ७८.०५ प्रतिशत रहेको छ ।

(२) आगामी आर्थिक बर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये संघीय सरकारबाट राजश्व बाँडफाँट शिर्षकमा ८ करोड ३४ लाख रुपैयाँ, वित्तीय समानीकरण अनुदान रु. ७ करोड ७३ लाख , प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान रु. १ करोड १ लाख १७ हजार, गाउँपालिकाको आन्तरिक राजश्वबाट रु १० लाख र आ.व. २०७५।७६ मा खर्च हुन नसकी बाँकी रहने अनुमानित रकम रु. ३ करोड ५० लाख र सशर्त अनुदान रु. १३ करोड १६ लाख गरी जम्मा रु.३३ करोड ८४ लाख १७ प्राप्त हुने अनुमान छ ।

सभा अध्यक्ष तथा सदस्य ज्युहरु

माथि विनियोजित बजेट अन्तर्गत बस्ती, वडा तथा विषयगत र एकीकृत हुदै प्राथमिकतामा परेका योजनाहरुको सफल कार्यान्वयनका लागि डिजाईन स्टिमेट, विस्तृत परियोजना प्रतिवेदनका आधारमा यहाँहरु सबैको रचनात्मक सुझाव, कार्यपालिकाको पूर्ण बैठकबाट पारदर्शी र सबै वडा वस्तीमा सन्तुलित रुपमा बजेट खर्च गर्न आवश्यक कार्यविधि, नीति नियमहरु निर्माण गरि कार्यान्वयन गर्ने व्यवस्था गर्नेछु ।

अन्त्यमा, प्रस्तावित बजेट योजना तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा सुझाव प्रदान गरी सहयोग गर्नुहुने सम्पुर्ण बौद्धिक वर्ग, विषयगत समितिका सदस्य ज्युहरु, कार्यपालिकाका सदस्य ज्युहरु, वडापालिकाका सदस्यज्यूहरु तथा सम्पूर्ण बारेकोटबासीहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । कार्यक्रमको सफल कार्यान्वयनमा स्थानीय समुदायको ठूलो भूमिका हुने भएकाले स्थानीय समुदायले अपनत्व ग्रहण गरी यसको कार्यान्वयनमा सहयोग पुऱ्याउने अपेक्षा गरेको छु । प्रस्तावित कार्यक्रमबाट गाउँपालिकाले प्रदान गर्ने सेवा प्रवाहमा गुणात्मक सुधार आई सुशासन बृद्धिमा सहयोग पुग्ने विश्वास लिएको छु ।

आर्थिक वर्ष ०७६।०७७ को बजेट योजना तथा कार्यक्रमको कार्यान्वयनमा बारेकोटवासी नेपाल सरकार, राजनीतिक दलहरु, नागरिक समाज, गैर सरकारी संघ-संस्था, र कर्मचारी लगायत सबैबाट सहयोगको अपेक्षा राखेको छु ।

**धन्यवाद ।**

**बसन्त शाही**

**बारेकोट गाउँपालिका, जाजरकोट**

**२०७६ असार ९ गते**

**बारेकोट गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**लिम्सा जाजरकोट**

**बजेट तथा कार्यक्रमहरु २०७६।०७७**

**आय विवरणको साराँश**

| सि.न | शिर्षक | रकम(रु हजारमा) | कैफियत |
|---|---|---|---|
| 1 | **राजश्व** | | |
| | क. आन्तरिक आय | 1000 | |
| | ख. राजश्व बाँडफाँड (सघ) | 83400 | |
| | ग. राजश्व बाँडफाँड (प्रदेश) | 0 | |
| | **जम्मा** | **84400** | |
| 2 | वित्तीय हस्तान्तरण | | |
| | क. वित्तीय समानीकरण अनुदान | | |
| | संघ | 77300 | |
| | प्रदेश | 10117 | |
| | **जम्मा** | **87417** | |
| | ख. सशर्त अनुदान | 131600 | |
| | ग. समपुरक अनुदान | 0 | |
| | घ. बिशेष अनुदान | 0 | |
| | ङ) गत वर्षको अ ल्या | 35000 | |
| | **जम्मा (ख,ग,र घ र ड.च )** | **166600** | |
| | **कुल जम्मा( १ र २)** | **338417** | |
| 3 | **सशर्त बाहेकको जम्मा विनियोजन गर्नु पर्ने बजेट** | 206817 | |
| | **पुँजीगत खर्च** | 161417 | |
| | **चालु खर्च** | 45400 | |

# बजेट तथा कार्यक्रमहरु २०७६।०७७

## व्यय विवरणको सारांश

| सि.न | शिर्षक | रकम रु.हजारमा | कैफियत |
|---|---|---|---|
| | **क) आर्थिक विकास** | | |
| 1 | सहकारी | 300 | |
| 2 | पर्यटन | 1450 | |
| 3 | कृषि विकास | 6951 | |
| 4 | पशुपन्क्षी विकास | 5813 | |
| | **जम्मा** | **14714** | |
| | **ख) सामाजिक विकास** | | |
| 1 | स्वास्थ्य | 4000 | |
| 2 | खानेपानी तथा सरसफाई | 5800 | |
| 3 | लैङ्गिक समावेशीकरण | 3850 | |
| 4 | शिक्षा, युवा तथा खेलकुद | 27806 | |
| | **जम्मा** | **41456** | |

## ग) भौतिक पूर्वाधार

| | | | |
|---|---|---|---|
| 1 | शहरी तथा भवन निर्माण | 23200 | |
| 2 | सडक पुर्वाधार | 61950 | |
| 3 | उर्जा | 5700 | |
| 4 | कन्टेन्जेन्सी | 1897 | |
| | **जम्मा** | **92747** | |
| | **घ) सुशासन तथा अन्तर सम्बन्ध** | | |
| 1 | सुशासन तथा अन्तर सम्बन्ध | 12500 | |
| | **पूँजीगत जम्मा** | 161417 | |
| | **चालु तर्फ** | | |
| | **ङ) कार्यालय संचालन तथा प्रशासनिक** | 45400 | |
| | **सवै जम्मा** | 206817 | |

बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, जाजरकोट

# अनुसूची १ आर्थिक विकास तर्फ

**आर्थिक बर्ष ०७६।७७** **रु हजारमा**

## सहकारी तर्फ

| सि.न | कार्यक्रम आयेजनाको नाम | विनियोजन रु. | खर्च व्यहोर्ने श्रोत |
|---|---|---|---|
| 1 | सहकारी तालिम | 300 | राजश्व बाँडफाँट(संघ) |
| | **जम्मा** | 300 | |
| | **पर्यटन विकास** | | |
| 1 | साइकुवारी पथ मार्ग निर्माण | 500 | राजश्व बाँडफाँट(संघ) |
| 2 | पर्यटन बित्तचित्र निर्माण क्रमागत | 500 | राजश्व बाँडफाँट(संघ) |
| 3 | पंन्चे बाजा संरक्षण कार्यक्रम | 450 | राजश्व बाँडफाँट(संघ) |
| | **जम्मा** | 1450 | |
| | **वन** | | |
| 1 | नर्सरी स्थापना क्रमागत | 200 | वित्तीय समानीकरण (प्रदेश) |
| | **जम्मा** | 200 | |
| | **कृषि विकास** | | |
| 1 | एक वडा एक फलफुल तथा तरकारी नर्सरी विकास कार्यक्रम | 836 | वित्तीय समानीकरण (संघ) |
| 2 | आधुनिक कृषि औजार खरिद | 800 | वित्तीय समानीकरण (संघ) |
| 3 | प्रागारिक मल तथा जैविक विषादी उद्योग स्थापना | 300 | वित्तीय समानीकरण (संघ) |
| 4 | उन्नत तरकारी वीउ विजन खरिद | 500 | वित्तीय समानीकरण (संघ) |
| 5 | हिउदे तथा वर्षे विरुवा खरिद | 300 | वित्तीय समानीकरण (संघ) |
| 6 | मसला बाली विकास कार्यक्रम | 250 | वित्तीय समानीकरण (संघ) |
| 7 | अलैचिको विरुवा खरिद कार्यक्रम | 50 | वित्तीय समानीकरण (संघ) |
| 8 | नर्सरी प्रविधि सम्बन्धि | 20 | वित्तीय समानीकरण (संघ) |
| 9 | भकारो सुधार लागि जनचेतनामुलक कार्यक्रम | 100 | वित्तीय समानीकरण (संघ) |
| 10 | च्याउको वीउ खरिद | 80 | वित्तीय समानीकरण (संघ) |
| 11 | फलफुल विरुवा सम्बन्धि तालिम | 20 | वित्तीय समानीकरण (संघ) |
| 12 | बाली रोगकिराका लागी विषादी खरिद | 70 | वित्तीय समानीकरण (संघ) |
| 13 | कृषि पकेट कर्यक्रम | 300 | वित्तीय समानीकरण (संघ) |
| 14 | घरबगैचा विकास कार्यक्रम | 195 | वित्तीय समानीकरण (संघ) |
| 15 | उपाध्यक्ष धान दिवस कार्यक्रम | 50 | वित्तीय समानीकरण (संघ) |
| 16 | अध्यक्ष कृषि मेला प्रदर्शनी | 80 | वित्तीय समानीकरण (संघ) |
| 17 | जनप्रतिनिधी सँग किसान कार्यक्रम | 3000 | वित्तीय समानीकरण (संघ) |

| | | | |
|---|---|---|---|
| | **जम्मा** | 6951 | |
| **पशुपंक्षी बिकास शाखा** | | | |
| 1 | औषधी खरिद | 480 | वित्तीय समानीकरण (संघ) |
| 2 | पशु स्वास्थ्य शिविर सँचालन | 420 | वित्तीय समानीकरण (संघ) |
| 3 | पशु पन्छीलाई  खोप कार्यक्रम | 398 | वित्तीय समानीकरण (संघ) |
| 4 | सामाग्री खरिद | 680 | वित्तीय समानीकरण (संघ) |
| 5 | बजार व्यवस्थापन कार्यक्रम | 100 | वित्तीय समानीकरण (संघ) |
| 6 | क्षमता अभिवृद्धि तालिम | 365 | वित्तीय समानीकरण (संघ) |
| 7 | पशु सेवामा अध्यक्ष अनुदान कार्यक्रम | 815 | वित्तीय समानीकरण (संघ) |
| 8 | कृषक प्रोत्साहन कार्यक्रम | 40 | वित्तीय समानीकरण (संघ) |
| 9 | तथ्यांक अध्यावधिक | 80 | वित्तीय समानीकरण (संघ) |
| 10 | वेसिक ल्याव किट खरिद | 340 | वित्तीय समानीकरण (संघ) |
| 11 | भेटेरिनरी सम्बन्धी आवश्यक पुस्तक खरिद | 10 | वित्तीय समानीकरण (संघ) |
| 12 | कार्यालय सामान ढुवानी | 150 | वित्तीय समानीकरण (संघ) |
| 13 | पशु व्यवस्थापन कार्यक्रम | 180 | वित्तीय समानीकरण (संघ) |
| 14 | एक वडा एक प्राबिधिक कार्यक्रम | 1755 | वित्तीय समानीकरण (संघ) |
| | **जम्मा** | 5813 | |
| | **सवै जम्मा** | 14714 | |

बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, जाजरकोट
कार्यक्रम परियोजना अनुसार बजेट विनियोजन

**आर्थिक बर्ष ०७६।०७७**

## अनुसूची २ क्षेत्र : सामाजिक विकास

## उपक्षेत्र : स्वास्थ्य

| सि.न | कार्यक्रम आयोजनाको नाम | विनियोजन रु. हजारमा | खर्च व्यहोर्ने श्रोत |
|---|---|---|---|
| 1 | औषधी खरिद ढुवानी | 1000 | राजश्व बाँडफाँट(संघ) |
| 2 | बिरामी बेड खरिद ढुवानी | 200 | राजश्व बाँडफाँट(संघ) |
| 3 | मेडिसियन र्‍यक नायकवाडा, सेपुखोला स्याला | 300 | राजश्व बाँडफाँट(संघ) |
| 4 | स्वास्थ्य प्रबर्द्धन कार्यक्रम संचालन | 260 | राजश्व बाँडफाँट(संघ) |
| 5 | हजार दिनका आमाहरुसंग उपाध्यक्ष कार्यक्रम | 540 | राजश्व बाँडफाँट(संघ) |
| 6 | जिल्ला तथा पालिकाबाट औषधी ढुवानी | 200 | राजश्व बाँडफाँट(संघ) |
| 7 | पालिका स्तरी मासिनक बैठक खर्च | 100 | राजश्व बाँडफाँट(संघ) |
| 8 | म.स्वा.से बैठक खाजा खर्च | 100 | राजश्व बाँडफाँट(संघ) |
| 9 | बर्थिग सेन्टरमा आवश्यक औजार उपकरण खरिद | 200 | राजश्व बाँडफाँट(संघ) |
| 11 | डेस्टप प्रिन्टर खरिद लिम्सा नायकवाडा | 120 | राजश्व बाँडफाँट(संघ) |
| 12 | स्टेचर खरिद ढुवानी | 150 | राजश्व बाँडफाँट(संघ) |
| 13 | म.स्वा.से प्रोत्साहान भत्ता | 430 | राजश्व बाँडफाँट(संघ) |
| 14 | स्वास्थ्य शीवीर संचालन | 400 | राजश्व बाँडफाँट(संघ) |
| | **जम्मा** | **4000** | |
| **खानेपानी तथा सरसरसफाई** | | | |
| 1 | बोग्रेछाना खा.पा.क्रमागत | 900 | राजश्व बाँडफाँट(संघ) |
| 2 | घर्तीगाउँ खा.पा.क्रमागत | 1300 | राजश्व बाँडफाँट(संघ) |
| 3 | धुमा खा.पा.क्रमागत | 50 | राजश्व बाँडफाँट(संघ) |
| 4 | कलेबारी खा.पा.क्रमागत | 1500 | राजश्व बाँडफाँट(संघ) |
| 5 | लैखम खा.पा.क्रमागत | 50 | राजश्व बाँडफाँट(संघ) |
| 6 | खारी रग्रेम खा. पा.क्रमागत | 50 | राजश्व बाँडफाँट(संघ) |
| 7 | ताँफसैनी खा.पा.क्रमागत | 700 | राजश्व बाँडफाँट(संघ) |
| 8 | ठेम्नीमेला खा.पा.क्रमागत | 200 | राजश्व बाँडफाँट(संघ) |
| 9 | बयाला खा.पा.क्रमागत | 50 | राजश्व बाँडफाँट(संघ) |
| 10 | सिनाकोट खा.पा | 300 | राजश्व बाँडफाँट(संघ) |
| 11 | तल्लीबारा खानेपानी आयोजना | 200 | आन्तरिक श्रोत |
| 12 | तारेढुङ्गा खा.पा. | 500 | आन्तरिक श्रोत |
| | **जम्मा** | **5800** | |
| | | | |
| | | | |
| | | | |

| | | | |
|---|---|---|---|
| | | | |
| | **लैगिंक समानता तथा समावेशीकरण** | | |
| 1 | लक्षित वर्ग उत्थान कार्यक्रम (महिला, दलित, अपांग, जनजाति) | 1500 | राजश्व बाँडफाँट(संघ) |
| 2 | सासुवुहारी जनचेतना कार्यक्रम | 200 | राजश्व बाँडफाँट(संघ) |
| 3 | अन्तरराष्टिय महिला दिवस कार्यक्रम | 100 | राजश्व बाँडफाँट(संघ) |
| 4 | तीजबिषेश कार्यक्रम | 50 | राजश्व बाँडफाँट(संघ) |
| 5 | ६० देखि ७० वर्षकालाई सामाजिक सुरक्षा भत्ता | 1500 | वित्तीय समानीकरण (प्रदेश |
| 6 | साँस्कृतिका सम्बर्द्धन कार्यक्रम | 500 | आन्तरिक श्रोत |
| | **जम्मा** | 3850 | |
| **शिक्षा तथा खेलकुद तर्फ** | | | |
| 1 | बिद्यालयको भौतिक पूर्वाधार स्तरोन्नति कार्यक्रम | 18450 | राजश्व बाँडफाँट(संघ) |
| 2 | शिक्षण सिकाई अनुदान | 6000 | राजश्व बाँडफाँट(संघ) |
| 3 | अध्यक्ष कप प्रतियोगिता | 400 | राजश्व बाँडफाँट(संघ) |
| 4 | रंगशाला निर्माण | 400 | राजश्व बाँडफाँट(संघ) |
| 5 | वालविकास प्रोत्साहन भत्ता | 276 | राजश्व बाँडफाँट(संघ) |
| 6 | पछ्यौरी बालविकास केन्द्र नयाँ स्थापना | 100 | आन्तरिक श्रोत |
| 7 | गोरख प्रा.वि.भवन निर्माण | 300 | आन्तरिक श्रोत |
| 8 | भेरी ज्ञानोदय क्याम्पस अनुदान | 300 | आन्तरिक श्रोत |
| 9 | खेलकुद विकास कार्यक्रम | 500 | आन्तरिक श्रोत |
| 10 | एम.वी.वी.एस छात्रवृत्ति कार्यक्रम | 580 | वित्तीय समानीकरण (प्रदेश |
| 11 | गै.स.स समपूरक कोष | 500 | आन्तरिक श्रोत |
| | **जम्मा** | 27806 | |
| | **सवै जम्मा** | 41456 | |

## अनुसूची २(क)

| क्र.स. | विद्यालयको भौतिक पूर्वाधार सुधार कार्यक्रम | प्रस्तावित बजेट( रु.हजारमा) | कैफियत |
|---|---|---|---|
| | **वडा नं १** | | |
| 1 | विद्यादेवी प्रा वि धौलाकोट मर्मत | 400 | |
| 2 | कालिका आर्दश मावि भवन प्लासटर मर्मत फर्निचर | 1000 | |
| 3 | भगवती प्रा वि वयाला छाना मर्मत | 400 | |
| 4 | हिमालायदेवी आ वि सिर्पाचौर छाना मर्मत | 400 | |
| 5 | आदर्श बालविकास केन्द्र शौचालय निर्माण | 0 | |
| 6 | सिर्जनशील बालविकास केन्द्र शौचालय निर्माण | 0 | |
| 7 | कालिका आर्दश मावि भवन नि | 0 | प्रदेशमा मांग गर्ने |
| | **वडा नं २** | | |
| 1 | नेरा प्रा वि सेरी घेरावार फनिचर खा पा नि | 500 | |
| 2 | हिमज्योती प्रावि भान्सनघर घेरावार फिल्ड नि | 500 | |
| 3 | जनज्योती प्रावि भवन निर्माण फनिचर | 500 | |
| 4 | जनता आवि फनिचर तथा पर्खाल निर्माण | 500 | |
| 5 | वीरेन्द्र ऐश्वर्य प्रावि शौचालय नि | 200 | |
| 6 | वीरेन्द्र ऐश्वर्य मावि क्याम्पस भवन ४ कोठे | 0 | वलक निर्माण |
| | **वडा नं ३** | | |
| 1 | माहादेव प्रावि छाना मर्मत र पर्खाल निर्माण | 500 | |
| 2 | दिपेन्द्र मावि छाना, फनिचर नि | 500 | |
| 3 | जनप्रयि प्रावि स्याला फनिचर भवन मर्मत | 300 | |
| 4 | शान्ती प्रावि फनिचर छाना मर्मत | 300 | |
| 5 | दिपेन्द्र मावि भवन नि | 0 | प्रदेशमा मांग गर्ने |
| | **वडा नं ४** | | |
| 1 | जगत आवि घेरावार फनिचर नि | 400 | |
| 2 | नौमुली प्रावि कार्पेट खरिद फनिचर नि | 200 | |
| 3 | गोरख प्रावि फनिचर निर्माण | 200 | |
| 4 | भगवती आवि फनिचर छाना मर्मत | 500 | |
| 5 | गोरख प्रावि भवन निर्माण | 0 | वलक निर्माण |
| 6 | हिमालय आवि मर्मत फनिचर नि | 500 | |
| 7 | हिमालय आवि भवन निर्माण संपुरक प्रदेश | 500 | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

| | | | |
|---|---|---|---|
| | | | |
| | **वडा नं ५** | | |
| 1 | चन्द्रज्योती प्रावि शौचालय तथा भवन | 500 | |
| 2 | कालिका प्रावि भवन निर्माण | 0 | वलक निर्माण |
| 3 | भगवती प्रावि घेरावार भान्साघर शौचालय फनिचर | 500 | |
| 4 | सरस्वती मावि  फिल्ड घेरावार निर्माण तथा फनिचर | 500 | |
| 5 | जनात प्रावि  भान्साघर घेरावारफनिचर निर्माण फिल | 400 | |
| 6 | कालिका प्रावि फनिचर निर्माण | 200 | |
| | **वडा नं ६** | | |
| 1 | सरस्वती प्रा वि भवन मर्मत | 300 | |
| 2 | नौमुली फनिचर भवन मर्मत | 500 | |
| 3 | सिता मावि काकीज्युला फनिचर | 500 | |
| 4 | देउती वज्यै प्रावि छाना मर्मत फनिचर नि | 500 | |
| 5 | दउराली प्रावि फनिचर निर्माण भवन मर्मत | 400 | |
| 6 | दलित टोल शिक्षा कार्यक्रम व्यवस्थापन संचालन ता | 0 | |
| | **वडा नं ७** | | |
| 1 | वाल प्रावि भवन निर्माण तथा फर्निचर | 500 | |
| 2 | राधा प्रावि भवन निर्माण र फर्निचर | 500 | |
| 3 | जनविकास शौचालय, भवन मर्मत तथा फनिचर | 500 | |
| 4 | सिता आ वि भवन फनिचर भवन मर्मत | 500 | |
| 5 | हरिहर आवि फर्निचर घेरावार | 300 | |
| | **वडा नं ८** | | |
| 1 | भगती आवि फर्निचर घेरावार | 500 | |
| 2 | बिश्व आवि फर्निचर | 500 | |
| 3 | शंकर प्रावि फर्निचर | 400 | |
| 4 | कृष्ण प्रा वि फर्निचर | 300 | |
| 5 | धनु प्रा. वि. फर्निचर घेरावार | 250 | |
| 6 | भगवती आवि भवन निर्माण | | प्रदेशमा मांग गर्ने |
| | **वडा नं ९** | | |
| 1 | हिमालय नवदेव काप्ती फर्निचर नि छाना मर्मत | 300 | |
| 2 | वालकल्याण प्रा वि घेरवार | 300 | |
| 3 | पुणज्योती प्रावि मर्मत तथा फर्निचर | 500 | |
| 4 | दिपेन्द्र मावि भवन फर्निचर तथा घेरावार | 500 | |
| 5 | दिपेन्द्र मावि भवन ६ कोठे भवन छात्रावास सहित | 0 | प्रदेशमा मांग गर्ने |
| | **कुल जम्मा** | 18450 | |

बारेकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय, जाजरकोट

कार्यक्रम परियोजना अनुसार बजेट जिनियोजन

## अनुसूची ३ भौतिक पूर्वाधार विकास

आर्थिक बर्ष ०७६।०७७

### सहरी तथा भवन तर्फ

| सि.न | कार्यक्रम आयेजनाको नाम | विनियोजन रु हजारमा . | खर्च व्यहोर्ने श्रोत |
|---|---|---|---|
| 1 | गाउँ सभा भवन क्रमागत | 4200 | वित्तीय समानीकरण (संघ) |
| 2 | वडा कार्यालय निर्माण १ नं क्रमागत | 500 | वित्तीय समानीकरण (संघ) |
| 3 | वडा कार्यालय निर्माण ३ नं क्रमागत | 500 | वित्तीय समानीकरण (संघ) |
| 4 | वडा कार्यालय निर्माण ४ नं क्रमागत | 500 | वित्तीय समानीकरण (संघ) |
| 5 | वडा कार्यालय निर्माण ६ नं क्रमागत | 500 | वित्तीय समानीकरण (संघ) |
| 6 | वडा कार्यालय निर्माण ७ नं क्रमागत | 500 | वित्तीय समानीकरण (संघ) |
| 7 | वडा कार्यालय निर्माण ९ नं क्रमागत | 500 | वित्तीय समानीकरण (संघ) |
| 8 | नयाँ वडा कार्यालय भवन निर्माण २,५,८ | 4500 | वित्तीय समानीकरण (संघ) |
| 9 | वडा कार्यालयहरुमा घेराबार तथा खानेपानी योजना | 3000 | वित्तीय समानीकरण (संघ) |
| 10 | कार्यालय फर्निचर तथा फर्निसिगं | 5000 | वित्तीय समानीकरण (संघ) |
| 11 | गाउँ सभा भवन बाउन्डरी | 1000 | वित्तीय समानीकरण (संघ) |
| 12 | सार्वजनिक शौचालय निर्माण, रामीडाडाँ | 200 | वित्तीय समानीकरण (संघ) |
| 13 | पोस्टमार्टम भवन, लिम्सा | 200 | वित्तीय समानीकरण (संघ) |
| 14 | वि.पी.स्मृति भवन जाजरकोट | 700 | आन्तरिक श्रोत |
| 15 | पशुपंक्षी शाखा पर्खाल तथा घेरावार निर्माण | 500 | आन्तरिक श्रोत |
| 16 | रडियो क्षमता विकास (वारेकोटमा टावर विस्तार) | 637 | वित्तीय समानीकरण (प्रदेश) |
| 17 | रडियो क्षमता विकास (वारेकोटमा टावर विस्तार) | 63 | वित्तीय समानीकरण (संघ) |
| 18 | रेडक्रस शाखा बारेकोट | 200 | आन्तरिक श्रोत |
| | **जम्मा** | 23200 | |
| | **सडक तथा पुल (झो.पु.समेत)तर्फ** | | |
| 1 | ध्यापाटाकुरा लिम्सा सडक स्तरोन्नती | 8000 | वित्तीय समानीकरण (संघ) |
| 2 | लिम्सा हानिसल्ला सडक निर्माण | 8000 | वित्तीय समानीकरण (संघ) |
| 3 | लिम्सा मुल्साम सडक निर्माण | 4000 | वित्तीय समानीकरण (संघ) |
| 4 | लिम्सा सिलिगीचौर हुदै दह सम्म सडक निर्माण | 4000 | वित्तीय समानीकरण (संघ) |
| 5 | कार्कीज्युला देखि वडा नं ७ सम्म सडक निर्माण | 2000 | वित्तीय समानीकरण (संघ) |
| 6 | सेपुखोल देखि बन्डाला सडक | 2000 | वित्तीय समानीकरण (संघ) |
| 7 | कार्कीज्युला देखि वडा नं ६ सम्म सडक निर्माण | 1000 | वित्तीय समानीकरण (संघ) |
| 9 | झो पु संपुरक कोष | 1000 | वित्तीय समानीकरण (संघ) |
| 10 | घाट वालुवा गोठगाउ हुदै ४ नं वडा कर्यालय | 2000 | वित्तीय समानीकरण (संघ) |
| 11 | देउती वज्यै मन्दिर निर्माण | 700 | वित्तीय समानीकरण (संघ) |
| 12 | दोवील्ला वेलीव्रीज | 50 | वित्तीय समानीकरण (संघ) |

| | | | |
|---|---|---|---|
| 13 | सर्भे खर्च ल स | 1500 | वित्तीय समानीकरण (संघ) |
| 14 | देउलचौर कोटीली १ न वडा कार्यालय सडक | 1500 | वित्तीय समानीकरण (संघ) |
| 15 | दोविल्ला देउलचौर सडक निर्माण | 2000 | आन्तरिक श्रोत |
| 16 | तटबन्धन तथा पहिरो नियन्त्रण | 1500 | आन्तरिक श्रोत |
| 17 | मर्मत संभार कोष | 2000 | आन्तरिक श्रोत |
| 18 | भैपरी बाँडफाँड बाँकी | 20700 | आन्तरिक श्रोत |
| | **जम्मा** | 61950 | |
| **उर्जा तर्फ** | | | |
| 1 | मिनी ग्रीड कार्यक्रम | 1500 | वित्तीय समानीकरण (संघ) |
| 2 | अयारीखोला लघुजलबिधुत आयोजना | 1000 | वित्तीय समानीकरण (संघ) |
| 3 | सिमतारा जलविधुत | 500 | वित्तीय समानीकरण (संघ) |
| 4 | ढोरेना लघुजलबिधुत आयोजना | 500 | वित्तीय समानीकरण (संघ) |
| 5 | गाग्राखोला जलबिधुत आयोजना | 500 | वित्तीय समानीकरण (संघ) |
| 6 | खारीलाइन विस्तार | 500 | वित्तीय समानीकरण (संघ) |
| 7 | सुपुखोला लैखम जलविद्युत लाइन विस्तार | 500 | वित्तीय समानीकरण (संघ) |
| 8 | भित्रीखोला लघु जलविद्युत आयोजना | 200 | वित्तीय समानीकरण (संघ) |
| 9 | सेपुखोला लघु जलविद्युत आयोजना | 500 | आन्तरिक श्रोत |
| | जम्मा | 5700 | |
| | **सवै जम्मा** | **90850** | |
| | **कन्टेजेन्सी खर्च** | 1774 | राजश्व वाँडफाँट (संघ) |
| | **कन्टेजेन्सी खर्च** | 123 | वित्तीय समानीकरण (संघ) |
| | **जम्मा कन्टेन्जेन्सी खर्च** | 1897 | |
| | जम्मा | **92747** | |

बारेकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, जाजरकोट

कार्यक्रम परियोजना अनुसार बजेट विनियोजन

**आर्थिक बर्ष ०७६।०७७** रु हजारमा

# अनुसूची ४ सुशासन तथा अन्तर सम्बन्ध विकास

| सि.न | कार्यक्रम आयेजनाको नाम | विनियोजन रु. | खर्च व्यहोर्ने श्रोत |
|---|---|---|---|
| 1 | सुशासन कार्यक्रम | 400 | वित्तीय समानीकरण (संघ) |
| 2 | बिद्यार्थीसंग अध्यक्ष रेडियो टी.भी कार्यक्रम | 400 | वित्तीय समानीकरण (संघ) |
| 3 | बिद्यालयका प्रधानाध्यापक तथा लेखा सहायकहरुलाई लेखाब्यवस्थापन तालीम | 300 | वित्तीय समानीकरण (प्रदेश) |
| 4 | वातावरणीय धुवाँरहित चुलो | 2700 | वित्तीय समानीकरण (प्रदेश) |
| 5 | आन्तरिक भ्रमण पदाधिकारी तथा कर्मचारी | 1000 | वित्तीय समानीकरण (प्रदेश) |
| 6 | न्यायिक समिति क्षमता विकास | 500 | वित्तीय समानीकरण (प्रदेश) |
| 7 | कर्मचारी क्षमता विकास( तालीम) | 300 | वित्तीय समानीकरण (प्रदेश) |
| 8 | वहुक्षेत्रीय पोषण समपुरक कोष | 2000 | आन्तरिक श्रोत |
| 12 | गरिवी निवारण कोष व्यवस्थापन कार्यक्रम | 1000 | आन्तरिक श्रोत |
| 13 | मिडिया विकास ( रडियो,छापा तथा अनलाइन ) | 500 | वित्तीय समानीकरण (प्रदेश) |
| 14 | विपद व्यवस्थापन कोष | 1500 | वित्तीय समानीकरण (संघ) |
| 15 | आकस्मिक उपचार सहायता कोष | 1000 | वित्तीय समानीकरण (प्रदेश) |
| 17 | जलवायु परिवर्तन ब्यवस्थापन कार्यक्रम | 500 | वित्तीय समानीकरण (प्रदेश) |
| 18 | सुरक्षा ब्यवस्थापन | 200 | वित्तीय समानीकरण (प्रदेश) |
| 19 | छालाजुत्ता प्रोत्साहन कार्यक्रम | 100 | वित्तीय समानीकरण (प्रदेश) |
| 20 | मुडा निर्माण प्रोत्साहन कार्यक्रम | 100 | वित्तीय समानीकरण (प्रदेश) |
|  | **जम्मा** | 12500 |  |

वारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिम्सा जाजरकोट
कर्णाली प्रदेश

## **अनुसूची ५** आ.व. २०७६।०७७ को विनियोजन वजेट ( प्रशासनिक चालु खर्च तर्फ )

| वजेट शिर्षक | विवरण | ०७५।०७६ को यथार्थ वजेट ( रु हजारमा) | ०७५।०७६ को जेष्ठ सम्मको खुद खर्च ( रु हजारमा) | ०७६।०७७को प्रस्तावित ( रु हजारमा) | खर्च व्यहोर्ने श्रोत |
|---|---|---|---|---|---|
| 21111 | पारिश्रमिक कमचारी | 12000 | 3343 | 12800 | राजश्व वांडफांट संघ |
| 21112 | पारिश्रमिक पदाधिकारी | 5580 | 1800.6 | 5600 | राजश्व वांडफांट संघ |
| 21121 | पोशाक भत्ता | 450 | 100 | 500 | राजश्व वांडफांट संघ |
| 21131 | स्थानीय भत्ता | 2374 | 561.5 | 3300 | राजश्व वांडफांट संघ |
| 21132 | महंगी भत्ता | 800 | 212.3 | 1100 | राजश्व वांडफांट संघ |
| 21134 | वैठक भत्ता कर्मचारी | 100 | 99 | 200 | राजश्व वांडफांट संघ |
| 21141 | पदाधिकारी वैठक भत्ता | 500 | 18 | 150 | राजश्व वांडफांट संघ |
| 21214 | कर्मचारी कल्याण कोष | 0 | 0 | 1500 | राजश्व वांडफांट संघ |
| 21223 | पदाधिकारी वीमा | 160 | 0 | 160 | राजश्व वांडफांट संघ |
| 22111 | पानी तथा वीजुली | 50 | 5.9 | 60 | राजश्व वांडफांट संघ |
| 22112 | संचार महशुल | 1000 | 416.5 | 800 | राजश्व वांडफांट संघ |
| 22212 | इन्धन कार्यालय प्रयाजन | 0 | 0 | 300 | राजश्व वांडफांट संघ |
| 22214 | बीमा नविकरण खर्च | 20 | 0 | 30 | राजश्व वांडफांट संघ |
| 22221 | मेसिनरी तथा औजार मर्मत सचालन | 100 | 40.9 | 100 | राजश्व वांडफांट संघ |
| 22311 | मसलन्द तथा कार्यालय संचालन खर्च | 2999 | 1577.4 | 3500 | राजश्व वांडफांट संघ |
| 22413 | करार सेवा शुल्क | 3699 | 2580 | 4100 | राजश्व वांडफांट संघ |
| 21111 | कर्मचारी तलब | 0 | 0 | 600 | आन्तरिक श्रोत |
| | प्रोत्साहन तथा अन्य भत्ता | 0 | 0 | 400 | आन्तरिक श्रोत |
| 22314 | इन्धन अन्य प्रयोजन | 50 | 39.7 | 100 | राजश्व वांडफांट संघ |
| 22315 | पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन खर्च | 500 | 500 | 1000 | राजश्व वांडफांट संघ |
| 22611 | अनुगमन मुल्याकन खर्च | 1000 | 511.6 | 400 | राजश्व वांडफांट संघ |
| 22612 | कार्यक्रम भ्रमण खर्च | 1974 | 1151 | 2500 | राजश्व वांडफांट संघ |
| 22711 | बिबिध खर्च | 1413 | 795.2 | 2000 | राजश्व वांडफांट संघ |
| 22721 | सभा संचालन खर्च | 500 | 53.4 | 500 | राजश्व वांडफांट संघ |
| 28142 | घरभाडा | 999 | 399.7 | 500 | राजश्व वांडफांट संघ |

| | | | | | |
|---|---|---|---|---|---|
| 28143 | सवारी साधन तथा मेसिनरी औजार भाडा | 416 | 400 | 700 | राजश्व वांडफांट संघ |
| | पन्जीकरण व्यवस्थापन खर्च | 700 | 700 | 500 | राजश्व वांडफांट संघ |
| | राजस्व तथा योजना व्यवस्थापन सफट्वेयर | 0 | 0 | 500 | राजश्व वांडफांट संघ |
| | जिन्सी व्यवस्थापन तथा दर्ता चलानी सफ्टवेयर | 0 | 0 | 500 | राजश्व वांडफांट संघ |
| | छपाई तथा प्रकाशन खर्च | | | 500 | आन्तरिक श्रोत |
| | पुरस्कार तथ सम्मान कार्यक्रम | | | 500 | आन्तरिक श्रोत |
| | **जम्मा** | 37384 | 15305.7 | 45400 | |
| | **वडा कार्यालय तर्फ** | | | | |
| 22112 | संचार महशुल | 324 | 324 | 108 | |
| 22311 | मसलन्द तथा कार्यालय संचालन खर्च | 900 | 900 | 900 | |
| 22611 | अनुगमन मुल्याकन खर्च | 450 | 450 | 0 | |
| 22612 | कार्यक्रम भ्रमण खर्च | 900 | 900 | 450 | |
| 22711 | बिबिध खर्च | 450 | 450 | 270 | |
| 28142 | घरभाडा | 180 | 144 | 60 | |
| | **जम्मा** | 3204 | 3168 | 1788 | |
| | **खर्च शिर्षक** | **शिक्षा** | **स्वास्थ्य** | **पशुपंक्षी** | **कृषि** |
| 22112 | संचार महशुल | 50 | 50 | 50 | 50 |
| 22311 | मसलन्द तथा कार्यालय संचालन खर्च | 150 | 150 | 150 | 150 |
| 22612 | कार्यक्रम भ्रमण खर्च | 150 | 150 | 150 | 150 |
| 22711 | बिबिध खर्च | 50 | 50 | 50 | 50 |
| 28142 | घरभाडा | 6 | 0 | 0 | 0 |
| | **जम्मा** | 406 | 400 | 400 | 400 |

बारेकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय, जाजरकोट

कार्यक्रम परियोजना अनुसार बजेट विनियोजन

आर्थिक बर्ष ०७६।०७७

| अनुसूची ६ नेपाल जलवायु परिवर्तन कार्यक्रम सशर्त (भौतिक पुर्वाधार) | | | | | | |
|---|---|---|---|---|---|---|
| सि.न | कार्यक्रम आयोजनाको नाम | कार्यन्वयन हुने वडा नं. | लक्ष्य | विनियोजन रु. हजारमा | श्रोत | कैफियत |
| 1 | धौलाकोट खा पा क्रमागत | 1 | | 3000 | सशर्त अनुदान | यी सबै योजनाहरु क्रमागत रुपमा संचालन गरिने रु. २५ लाख भन्दा बढी लागत अनुमान भएका बहुबर्षीय योजनाहरु हुन् । |
| | बयालतरा पहिरो नियन्त्रण | 1 | | 2500 | | |
| 2 | पारा खोला सिचाई आयोजना, सेरी ध्यार गाउँ | 2 | | 0 | सशर्त अनुदान | |
| 3 | गाग्राखोला हुँदै बेर्ना सम्म तटबन्धन | 3 | | 0 | सशर्त अनुदान | |
| 4 | कलेवारी खा पा मैना | 4 | | 1500 | सशर्त अनुदान | |
| 5 | अनाहा खोला, राता ढुगाँ हुदै काउली सम्म तटबन्धन | 5 | | 0 | सशर्त अनुदान | |
| 6 | कोटीला देखि राखेधुला हुँदै घाट सम्म तटबन्धन | 6 | | 0 | सशर्त अनुदान | |
| 7 | भागंछारा काँडापानी, स्याला हुँदै सिम्तारा तटबन्धन | 7 | | 0 | सशर्त अनुदान | |
| 8 | नौमुली खोला सिचाई आयोजना, लैखम | 8 | | 2500 | सशर्त अनुदान | |
| 9 | काप्ती खानेपानी आयोजना | 9 | | 2500 | सशर्त अनुदान | |
| 10 | दहखोला तटबन्धन | 4 | | 0 | बैकल्पिक | |
| 11 | दल्ला सिचाई आयोजना | 5 | | 0 | बैकल्पिक | |
| 12 | अनाहा सिचाई आयोजना | 5 | | 0 | बैकल्पिक | |
| | **जम्मा** | | | 12000 | | |